# मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अनुगमन तथा मूल्यांकन कार्यविधि, २०७७

प्रदेश सरकार

लुम्बिनी प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकामः वुटवल, नेपाल

२०७७

# मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अनुगमन तथा मूल्यांकन कार्यविधि, २०७७

मा. मुख्यमन्त्रीबाट स्वीकृत मिति : २०७७/०५/०९

आर्थिक तथा सामाजिक रुपमा विपन्न घरपरिवार वा व्यक्तिहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, स्वरोजगारी, प्रविधि हस्तान्तरण, सीप विकास, आयआर्जनका अवसरहरु तथा सामाजिक संरक्षणका कार्यक्रममार्फत जीवनस्तर सुधार गरी गरिवी निवारण गर्ने उद्देश्यका साथ सञ्चालित मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमको अनुगमन तथा मूल्यांकन गरी स्रोतको प्रभावकारी उपयोग र नतिजा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम, २०७७ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अनुगमन तथा मूल्यांकन कार्यविधि, २०७७" रहनेछ ।

(२) यो कार्यविधि प्रदेश सरकार (मुख्यमन्त्रीस्तर) बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा :

क. "निर्देशक समिति"  समिति भन्नाले कायविधिको दफा ७(अ) बमोजिमको केन्द्रीय निर्देशक समिति सम्झनुपर्छ ।

ख. "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ ।

ग. "समन्वय ईकाइ" भन्नाले कायविधिको दफा ७(आ) बमोजिमको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहने कार्यक्रम कार्यान्वयन तथा समन्वय इकाइलाई सम्झनुपर्छ।

घ. "कार्यविधि" भन्नाले मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ लाई सम्झनुपर्छ ।

ङ. "सहजकर्ता "भन्नाले मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमका कार्यक्रम सहजकर्ता सम्झनुपर्छ ।

च. “व्यवस्थापन समिति” भन्नाले कायविधिको दफा ७ (इ) बमोजिमको जिल्ला व्यवस्थापन तथा समन्वय समितिलाई सम्झनुपर्छ ।

छ. “सिफारिस समिति” भन्नाले कायविधिको दफा ७ (ई) बमोजिमको कार्यक्रम सिफारिस समितिलाई सम्झनुपर्छ।

ज. “कार्यक्रम” भन्नाले मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमलाई सम्झनुपर्छ ।

झ. “परियोजना” भन्नाले मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तर्गत संचालित कार्यक्रम वा परियोजना वा क्रियाकलापलाई सम्झनुपर्छ ।

ञ. "सार्वजनिक परीक्षण" भन्नाले मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम कार्यान्वयन गर्ने निकायले सञ्चालन गर्ने परियोजना वा कार्यक्रमको लक्ष्य, उद्देश्य, बजेट खर्च तथा प्राप्त प्रतिफल वा उपलब्धिको बारेमा सरोकारवालाहरु बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य सम्झनुपर्छ ।

## परिच्छेद २

## अनुगमन तथा मूल्यांकन विधि र प्रक्रिया

३. अनुगमनका विधि :

क. प्रतिवेदनको अध्ययन विश्लेषणका आधारमा गरिने अनुगमन

ख. स्थलगत अनुगमन

ग. अनलाइन वा भर्चुअल अनुगमन

घ. तेस्रो पक्षबाट अनुगमन

४. अनुगमनको प्रक्रिया :

क. निर्देशक समितिले आवश्यकता अनुसार अनुगमनका कुनै पनि विधि र प्रक्रियाबाट अनुगमन गर्न सक्नेछ ।

ख. समन्वय ईकाइले कार्यविधिले तोकेबमोजिम र निर्देशक समितिको निर्देशन अनुसार अनुगमन गर्नेछ। साथै, व्यवस्थापन समिति र स्थानीय तहको प्रतिवेदनका आधारमा र अन्य आवश्यकताबमोजिम पनि अनुगमन गर्न सक्नेछ ।

ग. व्यवस्थापन समितिले कार्यविधिले तोकेबमोजिम संचालित परियोजनाको नियमित अनुगमन गर्नुपर्नेछ। कुनै स्थानीय तहको अनुगमन गर्नुपर्ने आवश्यकता देखेमा कुनै व्यक्ति वा टोली खटाइ विशेष अनुगमन समेत गर्न सक्नेछ ।

घ. सिफारिस समितिले कार्यविधिले गरेको व्यवस्था बमोजिम नियमित अनुगमन गर्ने वा गराउनेछ ।

ङ. कार्यालय वा निर्देशक समिति वा समन्वय ईकाइले स्थानीय तहसँग कार्यालयमा स्थापित अनलाईन विधिमार्फत समेत अनुगमन गरी संचालित परियोजनाको कार्यप्रगति समस्या र चुनौतीका सम्वन्धमा वुझ्न र सहजीकरण गर्न सक्नेछ ।

च. अनुगमन गर्दा अनुसूची- १ बमोजिम संकलित तथ्याङ्क, अनुसूची- २ बमोजिमको छनौट कार्यक्रमको विवरण, अनुसूची- ३ बमोजिमको स्वीकृत कार्यक्रमको विवरणलाई आधार लिई लक्ष्यबमोजिम प्रगति हासिल भए, नभएको विश्लेषण समेत गर्नुपर्नेछ ।

५. मूल्यांकन विधि :

कार्यान्वयनमा रहेका र सम्पन्न भैसकेका कार्यक्रम/परियोजनाहरुको सान्दर्भिकता, कार्यकुशलता, प्रभावकारीता, दिगोपना र हासिल भएको प्रतिफल, असर तथा प्रभावको लेखाजोखा गरी सम्बन्धित पक्षलाई नतिजाप्रति जवाफदेही गराउन र विगतबाट पाठ सिकेर भावी योजना, नीति, कार्यक्रम, आयोजनाको तर्जुमालाई तथ्यपरक बनाउन स्थानीय तहहरुले मूल्यांकन गर्न सक्नेछन्। यसरी मूल्यांकन गर्दावा गराउँदा आन्तरिक वा स्वमूल्यांकन(Internal or Self Evaluation) वा स्वतन्त्र तथा विज्ञ तेस्रो पक्ष (External or Third Party) मार्फत गराउन सकिनेछ ।कार्यक्रम/परियोजनाको देहायको विधि प्रयोग गरी मूल्यांकन गर्न सकिनेछ।

क. कार्यक्रम/आयोजना सञ्चालन हुनु अघि र सञ्चालन भइसकेपछिको अवस्थाको तुलना:

यस विधिमा सम्बन्धित कार्यक्रम/आयोजना सञ्चालन हुनुअघिको अवस्था र सञ्चालन भइसकेपछि लाभग्राही समूहमा आएको अवस्थाबीच तुलना गरी तथ्यांक विश्लेषण गरी निकाल्न सकिनेछ । ।

ख. साधारण रुपमा परिवर्तन हेर्ने विधि :

यस विधिमा सम्बन्धित कार्यक्रम वा आयोजना सम्पन्न भइसकेपछि त्यसले लाभग्राही समूहमा ल्याएको परिवर्तन र सो कार्यक्रम वा आयोजनाले नसमेटेका समूहको स्थिति विभिन्न सूचकका आधारमा तुलना गरी परिवर्तनको मूल्यांकन गर्न सकिनेछ ।

ग. दोहोरो रुपमा परिवर्तन हेर्ने विधि :

यस विधिमा आयोजना प्रारम्भ हुनुपूर्व लाभग्राही समूहको विभिन्न सूचकको स्थिति र आयोजना सम्पन्न भइसकेपछि त्यही समूहको सूचकमा आएको परिवर्तनको फरक निकाल्ने र आयोजनाले नसमेटेका समूहको पनि तिनै सूचकको आधारमा आयोजना प्रारम्भ हुनुपूर्व र आयोजना सम्पन्न भइसकेपछिको स्थिति तुलना गरी फरक हेरिन्छ ।यसरी आयोजनाका

लाभग्राही समूह र लाभ नपाएका समूहको विभिन्न सूचकका आधारमा देखिएको परिवर्तनको पुन: फरक निकालिन्छ । यसरी निकालिने फरक नै सो आयोजनाले ल्याएको वास्तविक परिवर्तन वा प्रभाव हो ।

## परिच्छेद ३

## संस्थागत व्यवस्था र जिम्मेवारी

६. कार्यक्रम कार्यान्वयन तथा समन्वय ईकाइको भूमिका:

क. समन्वय ईकाइले सवै स्थानीय तहबाट संचालित परियोजनाहरुको नियमित अनुगमन गर्नेछ।

ख. समन्वय ईकाइबाट खटिएको कर्मचारी स्थानीय तहमा अनुगमनका क्रममा जाँदा हेर्न वा जाँच गर्न चाहेको परियोजना दस्तावेज, कागजात वा स्थलगत अवलोकनको व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउनेछ ।

ग. समन्वय ईकाइबाट खटिएको व्यक्तिले कुनै स्थानीय तहको अनुगमन गरिसकेपछि तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

घ. समन्वय ईकाइमा व्यवस्थापन समिति, स्थानीय तह र सहजकर्ताबाट प्राप्त अनुगमन प्रतिवेदन समन्वय ईकाइले अध्ययन गरी तुरुन्तै सम्वोधन गर्नुपर्ने विषयहरु निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ।

ङ. समन्वय ईकाइले कुनै स्थानीय तहको अनुगमन गर्न आवश्यक छ भनि प्राप्त कुनै सूचना जानकारीको आधारमा कुनै पनि समयमा अनुगमन गर्न सक्नेछ ।

७. जिल्ला व्यवस्थापन तथा समन्वय समितिको भूमिका:

क. जिल्ला व्यवस्थापन समितिबाट कार्यविधिमा उल्लेखित व्यवस्था बमोजिम स्थानीय तहहरुबाट संचालित परियोजनाको नियमित अनुगमन गर्नेछ ।

ख. अनुगमन गर्दा कुनै सुधार गर्नुपर्ने विषय भए तत्काल सहजीकरण गरी आवश्यकताबमोजिम समन्वय ईकाइमा लेखि पठाउनु पर्नेछ ।

ग. समन्वय ईकाइबाट अनुगमन गर्न आवश्यकता महसुस भएमा व्यवस्थापन समितिले समन्वय ईकाइमा जानकारी गराउनेछ ।

घ. व्यवस्थापन समितिले गरेको अनुगमनको कार्यविधिले तोके बमोजिम नियमित प्रतिवेदन गर्नुपर्ने र आवश्यकता अनुसार हरेक अनुगमनको प्रतिवेदन तयार गरी समन्वय ईकाइमा पठाउनेछ ।

८. कार्यक्रम सिफारिस समितिको भूमिका:

क. कार्यक्रम सिफारिस समितिले छनौट भई व्यवस्थापन समितिबाट स्वीकृत कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्नेछ ।

ख. अनुगमनका क्रममा कार्यक्रम कार्यान्वयनमा कुनै समस्या रहेको देखिएमा सो बारेमा तत्काल समन्वय ईकाइमा जानकारी गराउनु पर्नेछ ।

ग. स्वीकृत भएको कुनै कार्यक्रम सञ्चालन हुन नसक्ने अवस्थामा तोकिएको समय भित्रै सोको संशोधनका लागि व्यवस्थापन समिति समक्ष पठाई सोको जानकारी समन्वय ईकाइमा गराउनु पर्नेछ ।

घ. कार्यविधिले तोकेको अवधिभित्रै मासिक, चौमासिक र बार्षिक प्रतिवेदन व्यवस्थापन समिति र समन्वय ईकाइमा पठाउन स्थानीय तहलाई आवश्यक सहयोग गर्नेछ ।

## परिच्छेद ४

## अनुगमन तथा मूल्यांकन कार्यमा विभिन्न निकायहरुको भूमिका

९. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिका :

क. व्यवस्थापन समिति, सिफारिस समिति र सहजकर्ताबाट प्राप्त प्रतिवेदनका आधारमा तत्काल सम्वोधन गर्नुपर्ने कुनै नीतिगत विषयको आवश्यकताका आधारमा सम्वोधन गर्ने ।

ख. कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निर्देशक समितिलाई आवश्यक निर्देशन दिने ।

ग. समन्वय ईकाइमार्फत नतिजामूलक अनुगमनलाई प्रभावकारी बनाउने ।

१०. केन्द्रीय निर्देशक समिति :

क. व्यवस्थापन समिति, स्थानीय तह र सहजकर्ताबाट प्राप्त अनुगमन प्रतिवेदनको आधारमा कुनै नीतिगत सम्वोधनको विषय भए कार्यालयलाई सिफारिस गर्ने ।

ख. समितिको अधिकारक्षेत्र भित्रै सम्वोधन गर्ने सकिने विषयको तत्काल सम्वोधन गरी सोको जानकारी व्यवस्थापन समिति र स्थानीय तहलाई दिने ।

ग. व्यवस्थापन समिति र स्थानीय तहलाई परियोजना सञ्चालनका क्रममा आवश्यक सहजीकरण गर्ने ।

घ. अनुगमन तथा मूल्यांकनका लागि समन्वय ईकाइलाई आवश्यक निर्देशन दिने ।

११. कार्यक्रम समन्वय ईकाइ :

क. व्यवस्थापन समिति र स्थानीय तहबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी नीतिगत निर्णयको विषय भए निर्देशक समितिमा पेश गर्ने ।

ख. व्यवस्थापन समिति र स्थानीय तहबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी आवश्यकता अनुसार अनुगमन गर्ने ।

ग. अनुगमन तथा मूल्यांकनको वार्षिक प्रतिवेदन तयार गर्ने ।

घ. निर्देशक समितिको निर्देशनबमोजिम समय समयमा स्थानीय तहहरुको अनुगमन तथा मूल्यांकन गर्ने ।

ङ. कार्यविधिले तोकेबमोजिम नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।

च. व्यवस्थापन समिति र स्थानीय तहलाई परियोजना कार्यान्वयन र अनुगमनका क्रममा आवश्यक सहयोग गर्ने ।

छ. कार्यक्रम कार्यान्वयन अनुगमन प्रतिवेदनका लागि सहजकर्तालाई आवश्यक निर्देशन दिने ।

१२. जिल्ला व्यवस्थापन तथा समन्वय समिति

क. कार्यविधिले तोकेबमोजिम स्थानीय तहबाट संचालित परियोजनाको अनुगमन गर्ने ।

ख. तोकिएको अवधिभित्रै मासिक, चौमासिक र वार्षिक प्रतिवेदन समन्वय ईकाइमा पठाउने ।

ग. कुनै स्थानीय तहको तत्काल अनुगमन गर्नुपर्ने आवश्यकता देखेमा अनुगमन गरी सोको प्रतिवेदन समन्वय ईकाइमा समेत पठाउने ।

घ. कुनै परियोजना सञ्चालन हुन नसक्ने भनि सिफारिस समितिबाट संशोधनका लागि प्रक्रिया पुऱ्याई सिफारिस भई आएमा अध्ययन विश्लेषण गरी संशोधन गर्ने ।

ङ. अनुगमनका क्रममा कुनै विषयमा कार्यालयबाट वा निर्देशक समितिबाट निर्णय हुन आवश्यक देखेमा सोको लागि समन्वय ईकाइ समक्ष लेखि पठाउने ।

च. अनुगमनका क्रममा परियोजना सञ्चालनमा कुनै समस्या देखिएमा स्थानीय तहलाई समस्या समाधानका लागि सहजीकरण गर्ने ।

छ. मासिक, चौमासिक र वार्षिक प्रतिवेदनको अभिलेख राख्ने ।

१३. कार्यक्रम सिफारिस समिति:

क. सिफारिस समितिबाट छनौट भई व्यवस्थापन समितिबाट स्वीकृत परियोजनाहरुको कार्यविधिबाट तोकिएबमोजिम नियमित अनुगमन गर्ने, गराउने ।

ख. कार्यक्रम कार्यन्वयनमा कुनै समस्या भए व्यवस्थापन समिति र समन्वय ईकाइ समक्ष जानकारी गराउने ।

ग. कुनै परियोजना सञ्चालन हुन नसक्ने अवस्थामा कार्यक्रम संशोधन गर्न आवश्यक भए तोकिएको अवधि भित्रै आवश्यक प्रक्रिया पुरा गरी व्यवस्थापन समिति समक्ष पेश गर्ने ।

घ. सहजकर्तामार्फत परियोजना सञ्चालन अवस्थाको नियमित अनुगमन गर्ने, गराउने ।

१४. स्थानीय तहको भूमिका :

क. कार्यविधिमा तोकिएबमोजिम समन्वय ईकाइ र व्यवस्थापन समितिलाई नियमित प्रतिवेदन पठाउने ।

ख. स्वीकृत परियोजनाका कार्यान्वयन अवस्थाको सहजकर्ताबाट नियमित अनुगमन गर्ने, गराउने व्यवस्था गरी प्रतिवेदन प्राप्त गर्ने ।

ग. अनुगमनका क्रममा विभिन्न तहबाट खटिई आएका प्रतिनिधिले माग गरेको विवरण वा जानकारी उपलब्ध गराउनु पर्ने ।

१५. सहजकर्ताको भूमिका :

क. संचालित परियोजनाको अनुगमन गरी सोको प्रतिवेदन स्थानीय तह, व्यवस्थापन समिति र समन्वय ईकाइ समक्ष पठाउने ।

ख. कार्यविधिले तोकेको अवधिभित्र मासिक, चौमासिक र वार्षिक प्रतिवेदन पठाउन स्थानीय तहलाई सहयोग गर्ने ।

ग. कार्यक्रम सञ्चालनका लागि व्यवस्थापन समिति र समन्वय ईकाइबाट माग भए बमोजिमका विवरण उपलब्ध गराउने ।

घ. कुनै विषयमा तत्काल सम्वोधन गर्नुपर्ने, नीतिगत निर्णय गर्नुपर्ने वा कुनै सहजीकरण गर्नुपर्ने विषय भएमा व्यवस्थापन समिति र समन्वय समितिलाई तत्काल जानकारी गराउने ।

# परिच्छेद ५
## विविध

१६. प्रतिवेदन सम्वन्धी व्यवस्था:

क. कार्यविधिले तोकेबमोजिम सबै स्थानीय तहले मासिक, चौमासिक र वार्षिक प्रतिवेदन समन्वय ईकाइ र व्यवस्थापन समिति समक्ष पठाउनु पर्नेछ ।

ख. व्यवस्थापन समितिले मासिक, चौमासिक र वार्षिक प्रतिवेदन समन्वय ईकाइ समक्ष पठाउनु पर्नेछ ।

ग. व्यवस्थापन समिति, स्थानीय तह र सहजकर्ताले संचालित परियोजनाको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन गर्ने फारमको ढाँचा क्रमश अनुसूची ४, ५ र ६ मा उल्लेख भएबमोजिम हुनेछ ।

१७. अनुगमन प्रतिवेदन सम्वन्धी व्यवस्था :

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र समन्वय ईकाइका कर्मचारीहरुले कार्यक्रम/परियोजनाको अनुगमन गरिसके पछि अनुसूची ७ बमोजिमको ढाँचामा कार्यालयमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

ख. व्यवस्थापन समितिले कार्यक्रम/परियोजनाको अनुगमन गरिसके पछि अनुसूची ७ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी समन्वय ईकाइमा पठाउनु पर्नेछ ।

ग. अनुगमनका क्रममा देखिएका समस्या सम्वन्धी विवरण अनुगमनकर्ताले अनुगमन प्रतिवेदनका साथ अनुसूची ८ बमोजिमको ढाँचामा संलग्न गरी पेश गर्नुपर्नेछ ।

१८. सार्वजनिक परीक्षण: सार्वजनिक परीक्षण गर्दा सार्वजनिक निकायबाट संचालित कार्यक्रमहरुको अनुमानित लागत तथा वास्तविक खर्च र हासिल भएका उपलब्धीका बारेमा सेवाग्राहीको प्रत्यक्ष सहभागितामा सार्वजनिक रुपले जानकारी गराउने लेखाजोखा गर्ने र मूल्यांकन गर्नु पर्दछ । विकास निर्माण तथा सेवाप्रवाहलाई छिटो, छरितो, पारदर्शी र मितव्ययी बनाउन सार्वजनिक परीक्षण कार्यक्रम सञ्चालन गर्ने सहजकर्ताको माध्यमबाट यस्तो परीक्षण गराउनुपर्छ । सार्वजनिक परीक्षण गर्दा देहायबमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ ।

क. सार्वजनिक परीक्षण गर्न लागेको सूचना सरोकारवालाहरुलाई दिने ।

ख. आयोजना वा उपभोक्ता समितिको पदाधिकारी जनप्रतिनिधि वा नागरिक समाजका प्रतिनिधिलाई आमन्त्रण गर्ने ।

ग. सार्वजनिक परीक्षण गर्ने आयोजनाको विवरण तयार गर्ने ।

घ. सार्वजनिक परीक्षणमा उपस्थित सबैजनाको हाजिरी तयार पार्ने ।

ङ. परीक्षण कार्यक्रमको उद्देश्य कार्यसञ्चालनका विधि, समय र आचारसंहिता सम्वन्धमा जानकारी गराउने

च. सहभागीहरुबीच भएका छलफलहरुको टिपोट तयार गर्ने ।

छ. सहभागीहरुलाई छलफलमा भाग लिन उत्प्रेरित गर्ने ।

ज. सहजकर्ताले सार्वजनिक परीक्षणको क्रममा प्राप्त गुनासो, प्रतिक्रिया तथा सुझावको आधारमा स्थलगत अध्ययन र सोको प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी सम्बन्धित निकायलाई दिने ।

झ. सार्वजनिक परीक्षण प्रतिवेदनको आधारमा आवश्यक कारवाही गरी सार्वजनिक गर्ने ।

१९. संशोधन र खारेजी :

क. निर्देशक समितिले यस कार्यविधिको कुनै दफा वा अनसूची संशोधन वा खारेजी वा थपगर्न सक्नेछ।

ख. यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै वाधा अडकाउ परेमा निर्देशक समितिले वाधा अडकाउ फुकाउन सक्नेछ ।

अनुसूची- १

दफा ४ को खण्ड च संग सम्बन्धित

......गाउँपालिका/नगरपालिका/ उपमहानगरपालिका कार्यपालिकाको कार्यालय

....जिल्ला

**मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम**

## तथ्याङ्क संकलन फारम

सदरमूकाम देखि गा.पा/नपा. सम्मको दुरी :

१. जनसांख्यिक र भौगोलिक विवरण :

| क्र.सं | वडा नं | क्षेत्रफल | कुल जनसंख्या | | | घरपरिवार संख्या | गरिव घरपरिवार संख्या | १५ देखि६० वर्ष उमेर समूहको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| क्र.सं | वडा नं | दलित | | | बालवालिका | जेष्ठ नागरिक | अपाङ्गता भएकाको संख्या | एकल महिला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

२. भौतिक तथा आर्थिक पूर्वाधार उपलब्धताको विवरण

| क्र.सं | वडा नं | बैंक | | | | विद्यालय | | | क्याम्पस/कलेज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बाणिज्य | विकास | सहकारी | लघुवित्त | उच्चमाध्यमिक तह | आधारभूतत ह | प्रारम्भिकबाल विकास तह | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| क.सं | वडा नं | खानेपानी धारा पुगेकोसंख्या | विद्युत पुगेको घर परिवारसंख्या | स्वास्थ्य संस्थाको विवरण | | | तालिम केन्द्रको उपलब्धता | प्राविधिक तालिम तथा सीपमूलक शिक्षा दिने संस्था संख्या | स्वास्थ्य विमा गर्ने परिवार संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अस्पताल | स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

३.पारिवारिक आम्दानी तथा खर्चको अवस्था

| क.सं | वडा नं | घरको विवरण | | | | मासिक आम्दानी | उत्पादनबाटखानपुग्ने अवधि | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सिमेण्ट ढलान भएको घर | सिमेण्ट जडान भएको घर | माटोको जडान भएको घर | फुस वा खरले छाएको घर | | ९ महिना भन्दा कम | ६ महिना भन्दा कम | ३ महिना भन्दा कम |
| | | | | | | | | | |
| | | | | | | | | | |

| क.सं | वडा नं | उद्योगसंख्या | | | व्यावसायिक कृषि फर्मको संख्या | प्रकोप पिडित परिवार संख्या | प्रकोपबाट घरवारविहिन परिवार संख्या | गैससबाट संचालित कार्यक्रम / परियोजना संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मझौला | लघु | घरेलु | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची- २

दफा १४ को खण्ड चसंग सम्बन्धित

**......गाउँपालिका/ नगरपालिका/उपमहानगरपालिका कार्यपालिकाको कार्यालय**

**....जिल्ला**

**मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम**

**पहिचान तथा छनौट भएका कार्यक्रमको विवरण**

मिति:

| क्र. सं | पहिचान तथा छनोट भएका कार्यक्रमहरुको विवरण | बिषय क्षेत्र | वडा नं | कार्यक्रमको बजेट माग रकम रु | लक्षित समूहको प्रकृति | अनुमानित लाभग्राही संख्या | | | कार्यान्वयन पद्धति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | कुल | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

पेश गर्ने　　　　　　　　सिफारिस गर्ने　　　　　　　　स्वीकृत गर्ने

अनुसूची- ३

दफा १४ को खण्ड च संग सम्बन्धित

**श्री जिल्ला समन्वय समितिको कार्यालय**

**....जिल्ला**

**मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम**

**स्वीकृत भएका कार्यक्रमको विवरण**

मिति:

| क्र. सं | स्वीकृत कार्यक्रमहरुको विवरण | बिषय क्षेत्र | वडा नं | बजेटरकम रु | लक्षित समूहको प्रकृति | अनुमानित लाभग्राही संख्या | | | कार्यान्वयन पद्धति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरुष | कुल | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

पेश गर्ने

स्वीकृत गर्ने

अनुसूची- ४

दफा १६ को खण्ड ग संग सम्बन्धित

**......गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका कार्यपालिकाको कार्यालय**

**....जिल्ला**

**मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम**

**मासिक कार्यप्रगति प्रतिवेदन**

**मिति:**

| क्र. सं | स्वीकृत परियोजना | वडा नं | कार्यक्रमको बजेट रकम रु | लाभग्राही संख्या | | | कार्यान्वयनको अवस्था | प्रगति ( प्रतिशतमा) | | | कार्यान्वयन नभएकोमा सोको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | कुल | | भौतिक | वित्तिय | जम्मा | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

पेश गर्ने                    सिफारिस गर्ने                    स्वीकृत गर्ने

अनुसूची- ५
दफा १६ को खण्ड ग संग सम्बन्धित

**......गाउँपालिका/नगरपालिका/ उपमहानगरपालिका कार्यपालिकाको कार्यालय**

**....जिल्ला**

**मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम**

**चौमासिक कार्यप्रगति प्रतिवेदन**

**जिल्ला:मिति:**

| क्र. सं | स्वीकृत परियोजना/कार्यक्रम/ क्रियाकलाप | एकाइ | वार्षिक लक्ष्य | | | चौमासिक लक्ष्य | | | प्रतिवेदन अवधिसम्म यस आ.वको प्रगति (प्रतिशतमा) | | | कार्यान्वयन नभएकोमा सोको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | भौतिक | वितिय | जम्मा | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

पेश गर्ने　　　　　　　सिफारिस गर्ने　　　　　　　स्वीकृत गर्ने

अनुसूची- ६

दफा १६ को खण्ड ग संग सम्बन्धित

**......गाउँपालिका/ नगरपालिका/उपमहानगरपालिका कार्यपालिकाको कार्यालय**

**....जिल्ला**

**मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम**

**वार्षिक कार्यप्रगति प्रतिवेदन**

**मिति:**

| क्र.सं | स्वीकृत परियोजना/कार्यक्रम/क्रियाकलाप | एकाइ | वार्षिकल क्ष्य | | | चौमासिक लक्ष्य | | | प्रतिवेदनअवधिसम्म यस आ.वको प्रगति (प्रतिशतमा) | | | कार्यान्वयन नभएकोमा सोको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | भौतिक | वित्तिय | जम्मा | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

पेश गर्ने | सिफारिस गर्ने | स्वीकृत गर्ने

अनुसूची-७

दफा १७ को खण्ड क र ख संग सम्बन्धित

**प्रदेश सरकार**

**प्रदेश नं ५**

**मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम**

**अनुगमन प्रतिवेदन फारम**

**अनुगमन गरिएको स्थानीय तह :** **मिति :**................................ देखि................................सम्म

**क. आयोजनाको संख्यात्मक विवरण**

| क्र सं | स्वीकृत आयोजनाको संख्या | कार्यान्वयन सम्पन आयोजना संख्या | कार्यान्वयन चरणमा रहेका | कार्यान्वयन हुन वाँकी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ख.कार्यान्वयन हुननसकेका आयोजना सम्वन्धी :**

| क्र सं | कार्यन्वयन हुन नसकेका आयोजनाको नाम | कार्यान्वयन हुन नसक्नुका कारण समस्या | कार्यालयका तर्फबाट गरिएको प्रयास | सहजीकरण गर्न अपेक्षित कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग. कार्यान्वयन चरणमरहेका आयोजनाहरुको अनुगमन विवरण :**

| क्र सं | कार्यन्वयन चरणमा रहेका आयोजनाको नाम | अनुगमनका क्रममा देखिएको अवस्था | अनुगमन चरणमा दिइएका सुझावहरु | सहजीकरण गर्नुपर्ने भए सुझाव | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**घ. समग्रमा :**

| **क्र सं** | **कार्यान्वयन चरणमा देखिएको अवस्था/समस्या** | **समस्या समाधानका लागि सुझावहरु** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**ङ. अन्य सुझावहरु**

| **क्र सं** | **सुझावहरु** | **कैफियत** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

अनुगमनकर्ताकोनाम :

पद :

अनुगमनकर्ताको नाम :

पद :

अनुसूची-८

दफा १७ को खण्ड ग संग सम्बन्धित

**......गाउँपालिका/ नगरपालिका/उपमहानगरपालिका कार्यपालिकाको कार्यालय**

**....जिल्ला**

**मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम**

**आयोजनाको समस्यासम्वन्धी विवरण**

| क्रसं | आयोजनाकार्यान्वयनमा देखिएका मुख्यमुख्य समस्याहरु | समस्यादेखापर्नुका कारणहरु | समस्यासमाधानका लागि गरिएका प्रयासहरु | समस्यासमाधानको लागि सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |